# प्रदेश राजपत्र

प्रदेश नं. ५, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड १) बुटवल, रूपन्देही, फागुन ३ गते, २०७४ साल (अतिरिक्ताङ्क ४

## भाग २

### प्रदेश सरकार

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

### प्रदेश कानून मस्यौदा तथा सुझाव अयोगको सम्बन्धमा व्यवस्था गर्न बनेको आदेश, २०७४

प्रस्तावनाः नेपालको संविधानले सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना सघं, प्रदेश तथा स्थानीय तह गरी तीन तहको हुने व्यवस्था गरी सोही शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा

पूरा गर्ने सङ्कल्प गरेको छ । उक्त सङ्कल्पलाई पुरा गर्ने क्रममा प्रदेश सरकारको अधिकारको सूचीमा रहेका विषयका सन्दर्भमा प्रदेश सरकारले लिने नीति सम्बोधन तथा कार्यान्वयन गर्न तत्काल विभिन्न कानूनहरु निर्माण गर्नु पर्ने हुन्छ । सो सन्दर्भमा प्रदेश सरकारले तर्जुमा गर्नु पर्ने कानूनको पहिचान गरी त्यस्ता कानूनको यथाशिघ्र मस्यौदा तर्जुमा गर्न तथा कानून र न्याय सम्बन्धी विषयमा अध्ययन र अनुसन्धान गरी प्रदेश सरकारलाई राय सुझाव प्रदान गर्न प्रदेश कानून मस्यौदा तथा सुझाव आयोगको स्थापना र व्यवस्था गर्न वाञ्छनीय भएकोले, प्रदेश सरकारले यो आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस आदेशको नाम "प्रदेश कानून मस्यौदा तथा सुझाव आयोग आदेश, २०७४" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा,–

(क) "आयोग" भन्नाले दफा ३ बमोजिम स्थापना भएको प्रदेश कानून मस्यौदा तथा सुझाव आयोग सम्झनुपर्छ ।

(ख) "अध्यक्ष" भन्नाले आयोगको अध्यक्ष सम्झनुपर्छ ।

(ग) "प्रदेश" भन्नाले प्रदेश नं. ५ लाई सम्झनुपर्छ ।

(घ) "प्रदेश सरकार" भन्नाले प्रदेश नं ५ को प्रदेश मन्त्रिपरिषद् सम्झनुपर्छ ।

(ङ) "सदस्य" भन्नाले आयोगको सदस्य सम्झनुपर्छ र सो शब्दले अध्यक्ष र सचिव समेतलाई जनाउँछ ।

(च) "सचिव" भन्नाले आयोगको सचिव सम्झनुपर्छ ।

३. प्रदेश कानून मस्यौदा तथा सुझाव आयोगको स्थापनाः (१) नेपालको संविधानले प्रदेशको अधिकार सूची र प्रदेश तथा स्थानीय तहको साझा सूचीमा राखेका विषयमा प्रदेश सरकारले तर्जुमा गर्नुपर्ने कानूनको पहिचान र विश्लेषण गरी प्राथमिकताका आधारमा कानूनको मस्यौदा तयार गर्ने र कानून तथा न्यायसँग सम्बन्धित विषयमा अध्ययन र अनुसन्धान गरी प्रदेश सरकारलाई राय सुझाव उपलब्ध गराउनका लागि प्रदेश कानून मस्यौदा तथा सुझाव आयोगको स्थापना गरिएको छ ।

(२) आयोगको कार्यालय मुख्यमन्त्रीको कार्यालयमा रहनेछ ।

४. आयोगको गठनः (१) आयोगको गठन देहायबमोजिम हुनेछः–

(क) उच्च अदालतको न्यायाधीश भइसकेको वा हुने योग्यता पुगेका व्यक्तिहरूमध्येबाट प्रदेश सरकारले नियुक्त गरेको व्यक्ति **–अध्यक्ष**

(ख) सहन्यायाधिवक्ता, उच्च सरकारी वकील कार्यालय **–पदेन सदस्य**

(ग) नेपाल न्याय सेवाको राजपत्राङ्कित प्रथम श्रेणीको पदमा रही काम गरिसकेको वा अधिवक्ताको हैसियतले कम्तीमा १० वर्ष कानून व्यवसायीको रूपमा काम गरेको वा कानूनको अध्यापन, अनुसन्धान, तर्जुमा वा कानून वा न्यायको क्षेत्रमा कम्तीमा १० वर्षको अनुभव हासिल गरेका व्यक्तिहरूमध्येबाट प्रदेश सरकारले नियुक्त गरेको कम्तीमा एकजना महिला रहने गरी बढीमा २ जना **–सदस्य**

(घ) आन्तरिक मामिला तथा कानून मन्त्रालयका महाशाखाका प्रमुख – **सदस्य**

(ङ) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका उपसचिव (कानून)– **सदस्य–सचिव**

५. अध्यक्ष तथा सदस्यको योग्यताः आयोगको अध्यक्ष हुनको लागि दफा ४ (क) मा उल्लेखित योग्यता र सदस्यका लागि दफा ४ (ग) मा उल्लिखित योग्यताको अतिरिक्त देहायका योग्यता पुगेको हुनु पर्नेछः–

(क) नेपाली नागरिक,

(ख) ४० वर्ष उमेर पूरा भएको,

(ग) नेपाल सरकारद्वारा मान्यता प्राप्त विश्वविद्यालयबाट कानूनमा कम्तीमा स्नातकोपाधि प्राप्त गरेको,

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय नपाएको,

६. आयोगको कार्यावधिः (१) आयोगको कार्यावधि काम सुरु गरेको मितिले १ वर्षको हुनेछ ।

(२) माथि उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि प्रदेश सरकारले आवश्यकतानुसार आयोगको कार्यावधि थप गर्न सक्नेछ।

७. पद रिक्त हुने अवस्थाः (१) पदेन सदस्य बाहेक अन्य सदस्यको पद देहायका अवस्थामा रिक्त भएको मानिनेछः–

(क) निजले प्रदेश सरकार समक्ष राजीनामा दिएमा,

(ख) निजको कार्यावधि पूरा भएमा,

(ग) निजको मृत्यु भएमा,

(२) माथि उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि अध्यक्ष वा कुनै सदस्यले आफ्नो पद अनुरूपको जिम्मेवारी पूरा नगरेको भन्ने लागेमा प्रदेश सरकारले निजहरुलाई जुनसुकै बेला पदबाट हटाउन सक्नेछ ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन ।

८. आयोगको काम, कर्तव्य र अधिकारः आयोगको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः–

(क) नेपालको संविधान बमोजिम प्रदेश स्तरमा तर्जुमा गर्नु पर्ने ऐन, अध्यादेश, नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड गठन आदेश लगायतका कानूनको पहिचान गर्ने र आवश्यकताका आधारमा प्राथमिकता निर्धारण गर्ने ,

(ख) खण्ड (क) बमोजिम पहिचान गरिएका कानूनका प्राथमिकताका आधारमा मस्यौदा (व्याख्यात्मक टिप्पणी सहित) तयार गरी प्रदेश मुख्यमन्त्री समक्ष पेश गर्ने,

(ग) प्रदेश कानून सम्बन्धमा वा कानून तथा न्याय सम्बन्धी समसामयिक विषयमा अध्ययन तथा अनुसन्धान गरी प्रदेश सरकारलाई आवश्यक सुझाव दिने,

(घ) कानूनको तर्जुमा, सुधार र विकास गर्ने सम्बन्धमा आवश्यकतानुसार सम्बन्धित सरोकारवाला निकाय वा संस्थासँग परामर्श, छलफल तथा अन्तरक्रिया गर्ने वा सो सम्बन्धमा सम्बन्धित निकाय वा संस्थासँग सहकार्य गर्ने,

(ङ) विशेष किसिमका कानूनको अध्ययन र अनुसन्धान तथा मस्यौदा तर्जुमा गर्नको लागि विशेषज्ञको सेवा प्राप्त गर्ने,

(च) कानून निर्माण प्रक्रियामा आवश्यकतानुसार जनधारणा र राय सुझाव संकलन गर्ने,

(छ) कानूनको मस्यौदा तयार तथा परिमार्जन गर्ने सिलसिलामा आवश्यकतानुसार गोष्ठी, सेमिनार तथा अन्तरक्रिया जस्ता कार्यक्रम सञ्चालन गर्ने,

९. आयोगको बैठक सम्बन्धी कार्यविधिः (१) आयोगको बैठक आवश्यकतानुसार बस्नेछ ।

(२) आयोगको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) आयोगको कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा आयोगको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) आयोगको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(५) आयोगको निर्णय सचिवले प्रमाणित गर्नेछ ।

(६) आयोगले आफ्नो बैठकमा आवश्यकतानुसार कुनै विशेषज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

(७) आयोगको बैठक सम्बन्धी अन्य कार्यविधि आयोग आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१०. अध्यक्ष तथा सदस्यको पारिश्रमिक र सुविधाः प्रदेश सरकारले नियुक्त गरेका अध्यक्ष तथा सदस्यहरुको पारिश्रमिक र सेवा शर्त सुविधा सम्बन्धी अन्य व्यवस्था प्रदेश सरकारले तोके बमोजिम हुनेछ ।

११. सचिवालयः मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आयोगको सचिवालयको रुपमा काम गर्नेछ ।

१२. आयोगको खर्चः आयोगलाई आवश्यक पर्ने खर्च प्रदेश सरकारले व्यवस्था गर्नेछ ।

१३. प्रतिवेदन पेश गर्नुपर्नेः आयोगले आफूले गरेको काम कारवाहीको जानकारी मासिक रुपमा मुख्यमन्त्री समक्ष र अन्तिम प्रतिवेदन प्रदेश सरकार समक्ष पेश गर्नु पर्नेछ ।

१४. सहयोग गर्नुपर्नेः सरकारी निकायले आयोगको काम कारवाहीको सम्बन्धमा आयोगलाई आवश्यक सहयोग गर्नु पर्नेछ ।

१५. प्रतिवद्धता जनाउनु पर्नेः आफ्नो कार्यभार सम्हाल्नु अघि अध्यक्ष र सदस्यहरुले अनुसुची १ बमोजिमको ढाँचामा प्रतिवद्धता जनाउनु पर्ने ।

अनुसूची १

५ नम्बर प्रदेश अन्तर्गत सार्वजनिक लाभको पदमा कार्यरत

सबैले गर्नु पर्ने प्रतिवद्धता

म (नाम..................) प्रदेश नम्बर ५ को ........................पदमा रहि सेवा गर्ने अवसर प्राप्त भएकोले नेपालको वर्तमान संविधानको भावना बमोजिम यो प्रदेशको शान्ति, एकता, सुशासन एवं समृद्धिको लागि आफ्नो पदीय हैसियत अनुसार मन, वचन र कर्मले प्रतिवद्ध हुने प्रतिज्ञा गर्दछु ।

दस्तखतः–

नाम, थरः–

मितिः

हस्ताक्षर –

**आज्ञाले,**

**निर्मला अधिकारी भट्टराई**

**प्रदेश सचिव**